सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ९ ♦ अंक २१८ ♦ २०८३ साल वैशाख १ मंगलवार ♦ 14 April 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

नव वर्ष २०८३ को शुभकामना

नव वर्ष २०८३ को अवसरमा मधेस प्रदेश सहित सम्पूर्ण उद्योगी, व्यवसायी, व्यापारी, ग्राहक वर्ग तथा सहयोगी शुभचिन्तकहरुमा सुख, समृद्धि, दिर्घायु एवं उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।



सि.ए. प्रमोद कुमार साह
अध्यक्ष
नेपाल उद्योग परिसंघ मधेस प्रदेश (CNI)

# वडा कार्यालय नै बन्द गरेर कर्मचारीदेखि जनप्रतिनिधिसम्म भ्रमणमा

**खबर दर्पण समाचारदाता**
**चैत्र ३० गते, बर्दिवास**

गाउँ-गाउँमा सिंहदरबार स्थापना गर्दै सेवा नागरिकको दैलोमै पुऱ्याउने संवैधानिक व्यवस्था भए पनि जनप्रतिनिधि र कर्मचारीको लापरबाहीका कारण सर्वसाधारण प्रताडित भइरहेका छन् ।

महोत्तरीको बर्दिवास नगर पालिका-२ मा वडा कार्यालय नै बन्द गरेर कर्मचारीदेखि जनप्रतिनिधिसम्म भ्रमणमा गएपछि स्थानीय तहमा देखिएको यस्तै बेथिती बाहिर आएको हो ।


यसअघि पनि यस्तै प्रकृतिका गुनासोहरू आउने गरेका थिए । तर औपचारिक रूपमा कार्यालय नै बन्द गरिएको घटना भने जिल्लामै पहिलो पटक भएको स्थानीयहरू बताउँछन् । संघीय सरकारले सुशासनको अभियान चलाइरहेको अवस्थामा घुमघामको नाममा कार्यालय बन्द गरिएको घटनाले सेवाग्राहीहरू अचम्मित भएका छन् ।

'हामी काम लिएर जाँदा गेट बन्द थियो। सार्वजनिक बिदा हो कि भनेर प्रमुख प्रशासकीय अधिकृतलाई सोध्यौं, तर त्यस्तो रहेन', स्थानीय देवनारायण महतोले भने, 'यो त सुशासनको भद्दा मजाक हो। जनप्रतिनिधि र कर्मचारीमाथि कारबाही हुनुपर्छ ।'

प्रमुख प्रशासकीय अधिकृत र ाममणी अधिकारीले बिना जानकारी वडा कार्यालय बन्द गर्नु गलत भएको स्वीकार गरेका छन् । 'उहाँहरू भ्रमणमा जानुभएको जानकारी आएको छ, तर कार्यालय नै बन्द गरेर जान पाइँदैन', उनले भने ।

नगरप्रमुख प्रल्हाद कुमार क्षेत्रीका अनुसार यस विषयमा कार्यपालिका बैठकमा गम्भीर छलफल गरिनेछ । 'सार्वजनिक बिदा बाहेक कार्यालय बन्द गर्न नपाइने व्यवस्था विपरीत किन यस्तो भयो भन्ने विषयमा छानबिन गर्ने छौं,' उनले भने।

वडा कार्यालयको गेटमा कारण नै नदेखाई सूचना टाँसिएको छ । गत चैत्र २७ गते गेटमा टासिएको सुचनामा नँया बर्षको शुभकामा दिदै मसान्तमा विदा हुने व्यहोरा उल्लेख गरिएको छ । तर सूचनामा वडा अध्यक्ष सिंहले हस्ताक्षर गरेका छैनन् । कार्यालयको छाप लगाएर वडा नम्बर २ परिवार लखेर सूचनालाई आधिकारिक बनाइएको छ ।




बिना कारण कार्यालय बन्द भएपछि स्थानीयहरुले ईलाका प्रशासन कार्यालय मार्फत गृहमन्त्रालयलाई उजुरीसमेत दिएका छन् । इलाका प्रशासन कार्यालयका कार्यालय प्रमुख माधव न्यौपानेका अनुसार स्थानीय नारायण खनाल र देवनारायण महतोले दिएको उजुरी जिल्ला प्रशासन कार्यालय हुँदै गृहमन्त्रालय पठाइएको छ । स्थानीयहरुले सामुहिक अर्को निवेदन नगरपालिकामा नगर प्रमुख प्रल्हाद कुमार क्षेत्रीलाई पनि बुझाईएको नगर प्रबक्ता विजय महतोले जानकारी दिए । यो विषयमा वडाध्यक्ष श्यामराजा सिंहसँग सम्पर्क गर्न खोज्दा सम्पर्क हुन सकेन । स्थानीय सरकार सञ्चालन ऐन अनुसार नगरपालिकाले विशेष परिस्थितिमा मात्र बिदा दिन सक्ने व्यवस्था छ । अन्यथा संघ र प्रदेश सरकारले निर्धारण गरेका सार्वजनिक बिदा मात्र लागू हुने प्रावधान रहेको छ ।

# मधेशमा मानसिक यातना पिडीत बिरामी बढ्दै

**खबर दर्पण समाचारदाता**
**चैत्र ३० गते, बर्दिवास**

मानसिक यातना पिडीत बिरामीहरुको संख्या मधेशमा बढदै गएको एक तथ्यांकले देखाएको छ । धनुषास्थित प्रादेशिक अस्पताल जनकपुरमा रहेको एकद्वार संकट व्यवस्थापन केन्द्रले दोस्रो चौमासिक समन्वय बैठकमा यस्तो तथ्यांक सार्वजनिक गरिएको हो ।

बैठकमा अन्तिम ९ महिनामा उक्त केन्द्रमा आएका बिरामी-पिडितहरु मध्ये ५० प्रतिसत जति मानसिक यातनाबाट पिडित भएकाहरु रहेका छन् । एकद्वार संकट व्यवस्थापन केन्द्र ( ओसीएमसी) मा २०८२ साउन महिना देखि चैतसम्ममा जम्मा ८८१ जना पिडितहरुको आएका छन् । जसमध्ये पुरुषको संख्या २२ मात्र रहेको छ भने महिलाको संख्या ८५९ रहेको छ ।

बैठकमा प्रत्सतुत तथ्यांक अनुसार ९ महिनाको अवधिमा सबैभन्दा बढी मानसिक यातनाका जम्मा ४०१ पिडितहरु आएका छन । यी मध्ये पुरुषको संख्या १३ रहेको छ भने महिलाको संख्या ३८८ रहेको छ । त्यस्तै, यो अवधिमा अधिकार/श्रोतबाट वञ्चित भएका पिडितको संख्या जम्मा २८३ रहेको छ ।

यसमा पुरुषको जम्मा ८ जना रहेका छन् भने महिला २७५ जना रहेका छन् । त्यस्तै, रुढीवादीप्रथा - दाइजो, भ्रुणहत्या, जात विभेदबाट पिडित हुनेहरुमा जम्मा २२ जना महिला मात्र रहेका छन् भने शारिरीक चोटपटक लागेर उक्त केन्द्रमा आउनेहरुको संख्या ७९ रहेको

बाँकी पृष्ठ ३ मा

नव वर्ष २०८३ को शुभकामना

नव वर्ष २०८३ को सुखद अवसरमा सम्पूर्ण नगरवासी ,इष्टमित्र, सहयोगी , शुभचिन्तकहरुमा सु-स्वास्थ्य, दिर्घायू तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

HOTEL KOMAL



कोमल होटेल, ढल्केवर धनुषा

शिरीष संचार समूह

नयाँ वर्ष २०८३ को हार्दिक मंगलमय शुभकामना

खबर दर्पण राष्ट्रिय दैनिक | शिरीष खबरपत्रिका साप्ताहिक | शिरीष न्युज | Radio Rupantaran परिवर्तनकालागि १०६.३ Mhz

नयाँ वर्ष २०८३ को सुखद अवसरमा हाम्रो संचार संस्थाहरु पत्रिका, अनलाईन र रेडियो बाट एकै साथ प्रकाशन प्रसारण हुने गरी विज्ञापनमा विशेष प्याकेज सहित अत्यधिक छुटमा विभिन्न विज्ञापनको योजनाहरु लागु गरिएको हुँदा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८०४८५२६९६, ९८४४०७२८५९, ९८४४०३९८५६

# मधेशमा मानसिक यातना पिडीत.............

छ । ती सबै महिला मात्र रहेका छन् ।

यस्तै, यौनजन्य दुर्व्यवहार हुनेहरुमा ८३ जना महिला र १ जना पुरुष गरी जम्मा ८४ जना रहेका छन् भने जबरजस्तीकरणीबाट पिडीत १२ जना महिला रहेको ओसीएमसीद्वारा प्रस्तुत तथ्यांकमा उल्लेख रहेको छ ।

ओसीएमसीमा आउनेहरुमध्ये सबै भन्दा बढी १९ देखि ४९ वर्षसम्मका अधिकांश बिरामी रहेका छन् । ९ महिनामा ओसीएमसीबाट रेफर गरी जम्मा ३९१ जनालाई अस्पतालमा उपचार का लागि पठाइएको छ भने १२ जनालाई प्रहरीमा पठाइएको जानकारी गराइएको छ ।

यस्तै, १७ जनालाई सेफहाउसमा, १५ जनालाई वकील कहाँ, ७४ जनालाई मानसिक जाँचका लागि ८ जनालाई पुर्नस्थापनकालागि र सबैभन्दा बढी ५०६ जनालाई मनोपरामर्श सेवाका लागि पठाइएको अस्पतालका ओसीएमसी डिपार्टमेन्टले जानकारी गराएको छ ।

जनकपुरधामस्थित प्रादेशिक अस्पतालमा ओसीएमसीमा आएका हिंसा प्रभावितहरुमध्यै सबैभन्दा बढी धनुषा जिल्लाका ५१७ जना रहेका छन् । त्यस्तै, महोत्तरीको ६० जना, सिरहाको ३ जना, सप्तरी र सर्लाहीको २/२ जना रहेका छन् ।

त्यस्तै, झापा, पर्सा, बारा, कास्की, सिन्धुली, रौतहट, काठमान्डौ, मकवानपुर र नुवाकोटका १/१ जना रहेका छन् । गत वर्ष यो अवधिमा जम्मा १५७२ जना ओसीएमसीमा आएका थिए ।

यसले यो वर्ष लैंङ्गिक हिंसा लगायतका सामाजिक अपराधहरुको संख्यामा केही कमी भएको तथ्यांकले दाबी छ । ओसिएममा काम गर्ने डाक्टर/नर्सहरु इच्छुक नहुनु, जनशक्तिको आभाव, ओसीएमसीबाट प्रभावित बाहेक अन्यले पनि निशुल्कको अपेक्षा राख्नु, समयमा प्रभावित बिरामी नआउंदा सबूत प्रमाण संकलनमा समस्या लगायतका चुनौतीहरु रहेको कार्यक्रममा औल्याइयों ।

कार्यक्रममा प्रादेशिक अस्पतालका निर्देशक डा. जामुन सिंहले जनशक्ति आभावलाई दृष्टिगत गर्दै ६० जनाका विज्ञापन समेत गरिएको जसको परीक्षा वैशाख ७ गते हुनेछ भने मानसिक वार्डमा ५ बेड यसै आर्थिक वर्षमा थप्ने तयारी पनि रहेको जानकारी दिए । साथै उनले ३ महिनासम्मको औषधि ओसिएमसीमा आउने बिरामीहरुका लागि मौज्दात राख्न कर्मचारीहरुलाई निर्देशन समेत दिए ।

## नव वर्ष २०८३ को शुभकामना

नव वर्ष २०८३ को शुभ अवसरमा सम्पूर्ण नेपालीहरुमा सुख, सम्वृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना

वर्तमान कार्यसमिति



खोटाङ सामाजिक सेवा मञ्च

केन्द्रीय कार्यसमिति, विराटनगर (गोग्राहा चोक)

## नव वर्ष २०८३ को शुभकामना

नव वर्ष २०८३ को शुभ अवसरमा सम्पूर्ण नेपालीहरुमा सुख, सम्वृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना

डा. रबीन्द्र दास वैष्णव

उत्तराधिकारी महन्थ

श्री लक्ष्मी नारायण मठ

मटिहानी, महोत्तरी

## नव वर्ष २०८३ को शुभकामना

नव वर्ष २०८३ को शुभ अवसरमा समस्त सदस्य, ग्राहकवर्ग, कर्मचारी, शुभचिन्तक, बुद्धिजिवि तथा नेपाली दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, सम्वृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना

दीपक बहादुर कार्की

अध्यक्ष

वर्दिवास उद्योग वाणिज्य संघ

## नव वर्ष २०८३ को शुभकामना

नयाँ वर्ष २०८३ को अवसरमा सम्पूर्ण समाज बौद्धिक बुद्धिजीवी साहित्य प्रेमीहरू तथा देश विदेशमा छरिएर रहनु हुने सम्पूर्ण नेपालीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

केन्द्रिय संयोजक:
राजन प्रसाद न्यौपाने

शाखा अध्यक्ष: मञ्जु घिमिरे दाहाल तथा सम्पूर्ण

नोवेल साकोस परिवार

विराटनगर शाखा

## नव वर्ष २०८३ को शुभकामना

नव वर्ष २०८३ को शुभ अवसरमा सम्पूर्ण विद्यार्थी, अभिभावक, शिक्षक तथा शुभचिन्तक, बुद्धिजिवि तथा नेपाली दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, सम्वृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना

बर्दिवास जनता बहुमुखी क्याम्पस परिवार

बर्दिवास, महोत्तरी

## नव वर्ष २०८३ को शुभकामना

नव वर्ष २०८३ को शुभ अवसरमा सम्पूर्ण विद्यार्थी, अभिभावक, शिक्षक तथा शुभचिन्तक, बुद्धिजिवि तथा नेपाली दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, सम्वृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना

एभरेष्ट पब्लिक स्कूल परिवार

बर्दिवास, महोत्तरी

## नव वर्ष २०८३ को शुभकामना

नव वर्ष २०८३ को शुभ अवसरमा सम्पूर्ण विद्यार्थी, अभिभावक, शिक्षक तथा शुभचिन्तक, बुद्धिजिवि तथा नेपाली दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, सम्वृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना

जनता माध्यमिक विद्यालय परिवार

वर्दिवास-३ गौरीडाडा, महोत्तरी

## नव वर्ष २०८३ को शुभकामना

नव वर्ष २०८३ को शुभ अवसरमा सम्पूर्ण विद्यार्थी, अभिभावक, शिक्षक तथा शुभचिन्तक, बुद्धिजिवि तथा नेपाली दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, सम्वृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना

नन्दनी मल्टिपल इन्टरनेशनल कलेज परिवार

बर्दिवास, महोत्तरी

## नव वर्ष २०८३ को शुभकामना

नव वर्ष २०८३ को शुभ अवसरमा सम्पूर्ण विद्यार्थी, अभिभावक, शिक्षक तथा शुभचिन्तक, बुद्धिजिवि तथा नेपाली दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, सम्वृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना

नोबेल मल्टिपल कलेज परिवार

बर्दिवास, महोत्तरी

## नव वर्ष २०८३ को शुभकामना

नव वर्ष २०८३ को शुभ अवसरमा समस्त ग्राहकवर्ग, व्यपारी, शुभचिन्तक, बुद्धिजिवि तथा नेपाली दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, सम्वृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना

घर संसार परिवार

मेनरोड बर्दिवास, महोत्तरी

## नव वर्ष २०८३ को शुभकामना

नव वर्ष २०८३ को शुभ अवसरमा सम्पूर्ण विद्यार्थी, अभिभावक, शिक्षक तथा शुभचिन्तक, बुद्धिजिवि तथा नेपाली दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, सम्वृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना

चिल्ड्रेन ग्लोरी पब्लिक एकेडेमी विद्यालय,

औरही नगरपालिका-१ महोत्तरी

## नव वर्ष २०८३ को शुभकामना

नव वर्ष २०८३ को शुभ अवसरमा सम्पूर्ण विद्यार्थी, अभिभावक, शिक्षक तथा शुभचिन्तक, बुद्धिजिवि तथा नेपाली दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, सम्वृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना

पिस जोन इंगलिस बोर्डिंग स्कूल

औरही नगरपालिका-१ महोत्तरी

## नव वर्ष २०८३ को शुभकामना

नव वर्ष २०८३ को शुभ अवसरमा सम्पूर्ण नेपालीहरुमा सुख, सम्वृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना

पूजा चन्द

कार्यकारी निर्देशक

**टेरा सोल इनर्जी कम्पनी**

बर्दिबास नगरपालिका-६ चौलिखा, महोत्तरी

# मातृभाषा हाम्रो पहिचान र संस्कृतिको आधार : सभामुख यादव

खबर दर्पण समाचारदाता

**चैत्र ३० गते, महेन्द्रनगर**

मधेश प्रदेशका सभामुख रामअशिष यादवले मातृभाषा हरेक व्यक्तिको पहिचान र संस्कृतिसँग जोडिएको महत्वपूर्ण आधार भएकाले यसको संरक्षणका लागि सबै एकजुट हुनुपर्ने बताएका छन् ।

धनुषाको औरही गाउँपालिका स्थित परवाहा गाउँमा सोमबार देखि सुरु भएको दुई दिवसीय 'परवाहा लोक संस्कृति उत्सव'को उद्घाटन गर्दै सभामुख यादवले भाषा र संस्कृतिमाथि कुनै पनि प्रकारको विभाजनकारी प्रयास स्वीकार्य नहुने स्पष्ट पारे ।

उनले केही तत्वहरूले जातीय आधारमा समाजलाई विभाजित गर्ने प्रयास गरिरहेको उल्लेख गर्दै आम नागरिक भने आफ्नो भाषा र संस्कृतिप्रति सचेत र प्रतिबद्ध रहेको बताए ।

उनले वर्तमान अवस्थामा मातृभाषाविरुद्ध नकारात्मक धारणा फैलाउने र समाजलाई भ्रमित पार्ने गतिविधिबाट सतर्क रहन सबैलाई आग्रह गरे । 'भाषा कुनै एक जात वा समुदायको मात्र हुँदैन, यो समग्र भूगोलको पहिचान हो,' उनले भने ।

सभामुख यादवले भाषा आन्दोलनको ऐतिहासिक सन्दर्भ उल्लेख गर्दै भारतको बंगालमा मातृभाषाको रक्षा गर्न दुई मुस्लिम युवकले जीवन बलिदान दिएको उदाहरण प्रस्तुत गरे ।

उनले भाषाको संरक्षणका लागि त्याग र प्रतिबद्धताको आवश्यकता औंल्याए ।

उनका अनुसार भाषा, संस्कृति र पहिचान समाजका अमूल्य धरोहर हुन् । यसको संरक्षण, प्रवर्द्धन र विकास आजको प्रमुख आवश्यकता हो । उनले यस्ता सांस्कृतिक उत्सवहरूले स्थानीय परम्परा, कला र भाषालाई जगेर्ना गर्न महत्वपूर्ण योगदान पुर्‍याउने विश्वास व्यक्त गरे ।

कार्यक्रममा स्थानीय कलाकारहरूले लोक संस्कृति झल्काउने विभिन्न प्रस्तुति दिएका थिए भने आयोजकले यस्ता उत्सवमार्फत मातृभाषा र संस्कृतिको संरक्षणमा थप ऊर्जा मिल्ने विश्वास व्यक्त गरेका छन् ।




## नव वर्ष २०८३ को शुभकामना

नव वर्ष २०८३ को सुखद अवसरमा सम्पूर्ण नगरवासी ,इष्टमित्र, सहयोगी , शुभचिन्तकहरुमा सु-स्वास्थ्य, दिर्घायू तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

जथाभावी रुखविरुवा कटानीले पर्यावरणमा गम्भिर असर परेकोले पुरानो रुख काटेको ठाउँ वरपर कम्तिमा ५ वटा रुख लगाऔं ।

**सामुदायिक विकास तथा पैरवी मंच**
**वर्दिवास, महोत्तरी**

## नव वर्ष २०८३ को शुभकामना

नव वर्ष २०८३ को सुखद अवसरमा सम्पूर्ण नगरवासी ,इष्टमित्र, सहयोगी , शुभचिन्तकहरुमा सु-स्वास्थ्य, दिर्घायू तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

अध्यक्ष :बिनोद भण्डारी
तथा
**रक्षा ज्वेलर्स वर्दिवास**
**महोत्तरी (परिवार)**

## नव वर्ष २०८३ को शुभकामना

नव वर्ष २०८३ को सुखद अवसरमा सम्पूर्ण नगरवासी ,इष्टमित्र, सहयोगी , शुभचिन्तकहरुमा सु-स्वास्थ्य, दिर्घायू तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

HOTEL RED CROWN PVT. LTD.
**होटेल रेड क्राउन**
**वर्दिवास, महोत्तरी**

## नव वर्ष २०८३ को शुभकामना

नव वर्ष २०८३ को सुखद अवसरमा सम्पूर्ण नगरवासी ,इष्टमित्र, सहयोगी , शुभचिन्तकहरुमा सु-स्वास्थ्य, दिर्घायू तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

Bardibas Resort Pvt.Ltd. ★Bardibas-3,Mahottari
**वर्दिवास रिसोर्ट प्रा ली**
**वर्दिवास-३ महोत्तरी**

## नव वर्ष २०८३ को शुभकामना

नव वर्ष २०८३ को सुखद अवसरमा सम्पूर्ण नगरवासी ,इष्टमित्र, सहयोगी , शुभचिन्तकहरुमा सु-स्वास्थ्य, दिर्घायू तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजना**
**वर्दिवास, महोत्तरी (परिवार)**

## नव वर्ष २०८३ को शुभकामना

नव वर्ष २०८३ को सुखद अवसरमा सम्पूर्ण नगरवासी ,इष्टमित्र, सहयोगी , शुभचिन्तकहरुमा सु-स्वास्थ्य, दिर्घायू तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**वर्दिवास साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्था महोत्तरी**

## नव वर्ष २०८३ को शुभकामना

नव वर्ष २०८३ को सुखद अवसरमा सम्पूर्ण नगरवासी ,इष्टमित्र, सहयोगी , शुभचिन्तकहरुमा सु-स्वास्थ्य, दिर्घायू तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**खड्ग होटेल एण्ड लज**
**वर्दिवास-३ महोत्तरी**

## नव वर्ष २०८३ को शुभकामना

नव वर्ष २०८३ को सुखद अवसरमा सम्पूर्ण नगरवासी ,इष्टमित्र, सहयोगी , शुभचिन्तकहरुमा सु-स्वास्थ्य, दिर्घायू तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**तुलसा गार्डेन एण्ड खुकुरी होटेल**
**वर्दिवास-३ महोत्तरी**

# महोत्तरीमा चैते बाली भित्र्याउन किसान व्यस्त



धर्वेन्द्रकुमार यादव 'यदुवंशी'

**चैत्र ३० गते, महोत्तरी**

महोत्तरी जिल्लाका किसानहरू यतिबेला चैते बाली अन्तर्गत गहुँ, रहरलगायत दलहन बाली भित्र्याउन व्यस्त रहेका छन्। बेमौसमी हावाहुरी र वर्षाको जोखिम बढेपछि किसानहरू हतार-हतारमा बाली उठाउन बाध्य भएका हुन्।

यतिखेर किसानहरू बिहानदेखि बेलुकासम्म खेतमै व्यस्त रहँदै गहुँ काट्ने, थ्रेसरबाट दाना छुट्याउने तथा भण्डारण गर्ने कार्यमा जुटिरहेका छन्। समयमै बाली नउठाए क्षति हुने डरले उनीहरूको कामको चाप बढेको छ।यसैबीच, डिजेल तथा इन्धनको मूल्यवृद्धिका कारण ट्र्याक्टर तथा थ्रेसर सेवा महँगो भएको किसानहरूको गुनासो छ। यसले खेतीमा समेत खर्च वृद्धि भएको उनीहरूको भनाइ छ।

औरही नगरपालिका-२ औरहीका किसान दिनेश यादवले मौसमको अनिश्चितताका कारण समयमै बाली भित्र्याउन बाध्य भएको बताउनुभयो। उहाँले भन्नुभयो, “चैत महिनामा हावाहुरी र वर्षाको सम्भावना बढी हुने भएकाले बाली नष्ट हुने डरले हामी सबै परिवार मिलेर खेतमै खटिरहेका छौं, र हतार-हतार मा गहुँ काटेर थ्रेसरबाट दाना छुट्याइरहेका छौं।” उहाँले इन्धनको मूल्य बढेकाले ट्र्याक्टर तथा थ्रेसरको भाडा पनि महँगो परेको बताउनुभयो।

सोही ठाउँका अर्का किसान पञ्चलाल कापरले पनि मौसमको अनिश्चितताले किसानहरू थप दबाबमा परेको बताउनुभयो। उहाँले भन्नुभयो, “यस वर्ष मौसम निकै अनिश्चित छ, कहिले हावाहुरी त कहिले पानी पर्ने डर हुन्छ। गहुँ पाकिसकेकाले ढिला गर्दा झर्ने वा बिग्रने जोखिम रहेकाले हामी समयमै बाली भित्र्याउन बाध्य भएका छौं।”

यसैगरी,किसानहरूले खेत जोताइको दर अत्यधिक महँगो भएको गुनासो गरेका छन्। किसान पिडा यादवका अनुसार ट्याक्टरले खेत जोताउन प्रतिघण्टा रु. २२०० सम्म लिने गरिएको छ। उहाँले भन्नुभयो, “इन्धनको मूल्य बढेको बहाना देखाएर साहुहरूले मनोमानी भाडा असुलिरहेका छन्, जसले साना किसानलाई थप आर्थिक भार परेको छ।”त्यस्तै, किसानहरूले खेतमा काम गर्ने मजदुरको अभाव पनि ठूलो समस्याका रूपमा देखिएको बताएका छन्।

उनीहरूका अनुसार बाली भित्र्याउने मुख्य सिजनमा समेत पर्याप्त मजदुर नपाउँदा काममा ढिलाइ भइरहेको छ।किसानहरूले समयमै बाली भित्र्याउन नसके उत्पादनमा ठूलो क्षति हुने भन्दै सरोकारवाला निकायसँग तत्काल समाधानको माग गरेका छन्।

कृषि प्राविधिकहरूले पनि सम्भावित हावाहुरी र असिना पानीलाई ध्यानमा राख्दै छिटोभन्दा छिटो बाली भित्र्याउन सुझाव दिएका छन्।


नव वर्ष २०८३ को शुभकामना

बडा दसैंको पावन अवसरमा सम्पूर्ण नगरवासी ,इष्टमित्र, सहयोगी , शुभचिन्तकहरुमा सु-स्वास्थ्य, दिर्घायू तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.ली.
मेनरोड बर्दिवास, महोत्तरी

नव वर्ष २०८३ को शुभकामना

बडा दसैंको पावन अवसरमा सम्पूर्ण नगरवासी ,इष्टमित्र, सहयोगी , शुभचिन्तकहरुमा सु-स्वास्थ्य, दिर्घायू तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

बर्दिवास जनसेवा हस्पिटल प्रा.लि.

“जनसेवाको अभियान,स्वस्थ समाजको निर्माण”

बर्दिवास जनसेवा हस्पिटल प्रा.ली.
बर्दिवास-३ गौरीडाडा, महोत्तरी

नव वर्ष २०८३ को शुभकामना

नव वर्ष २०८३ को सुखद अवसरमा सम्पूर्ण नगरवासी ,इष्टमित्र, सहयोगी , शुभचिन्तकहरुमा सु-स्वास्थ्य, दिर्घायू तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

Hotel Vinayak | Vinayak Banquets & Event Center

होटल विनायक, वर्दिवास महोत्तरी

Vinayak Hotel Pvt Ltd ,Vinayak Banquets and Event Center
Bardibas-1, Mahottari, (Opposite of RB Bank Nepal )
Tel:044 550 574, 9851220475
Email: info@hotelvinayaknepal.com.np
sujanacharya87@gmail.com
Skype : @Hotel.Vinayak

नव वर्ष २०८३ को शुभकामना

नव वर्ष २०८३ को सुखद अवसरमा सम्पूर्ण नगरवासी ,इष्टमित्र, सहयोगी , शुभचिन्तकहरुमा सु-स्वास्थ्य, दिर्घायू तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

होटल गुन्ज,
वर्दिवास-३ गौरीडाडा, महोत्तरी

HG HOTEL GUNJA

Hotel Gunj
Bardibas-3, Gauridanda, Mahottari
Phone: 044-550620
Email:hotelgunja@gmail.com

नव वर्ष २०८३ को शुभकामना

नव वर्ष २०८३ को सुखद अवसरमा सम्पूर्ण नगरवासी ,इष्टमित्र, सहयोगी , शुभचिन्तकहरुमा सु-स्वास्थ्य, दिर्घायू तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

गौतम होटल, वर्दिवास महोत्तरी

www.gautamhotel.com.np

Gautam Hotel , Bardibas-8, Mahottari
(977) 44 550034, 977-9844101326
gautam.hotel@yahoo.com

नव वर्ष २०८३ को शुभकामना

नव वर्ष २०८३ को सुखद अवसरमा सम्पूर्ण नगरवासी ,इष्टमित्र, सहयोगी , शुभचिन्तकहरुमा सु-स्वास्थ्य, दिर्घायू तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नमो बुद्ध होटेल तथा
ब्लु स्टार इलोक्ट्रोनिक्स
वर्दिवास, महोत्तरी


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव ‘यदुवंशी’ (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,